मिति : २०७५ पौष ९ गते
समय : विहान ८.०० बजे
स्थान : धनकुटा नगर कार्यपालिकाको कार्यालय

बैठक : धनकुटा नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ को नियम १० बमोजिम नगर कार्यपालिकाको बिसौं बैठक

अध्यक्षता : प्रमुख श्री चिन्तन तामाङ्ग दस्तखत

उपस्थिति विवरण :

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | उपप्रमुख | श्री शकुन्तला बस्नेत | दस्तखत |
| २ | वडाध्यक्ष | श्री निरेन तामाङ्ग | दस्तखत |
| ३ | वडाध्यक्ष | श्री चन्द्रलाल तामाङ्ग | दस्तखत |
| ४ | वडाध्यक्ष | श्री विकास घिमिरे | दस्तखत |
| ५ | वडाध्यक्ष | श्री जम्सेर राई | दस्तखत |
| ६ | वडाध्यक्ष | श्री धनकुमार राई आठपहरिया | दस्तखत |
| ७ | वडाध्यक्ष | श्री नरेश श्रेष्ठ | दस्तखत |
| ८ | वडाध्यक्ष | श्री जंगबहादुर राई | दस्तखत |
| ९ | वडाध्यक्ष | श्री सुमन राई | दस्तखत |
| १० | वडाध्यक्ष | श्री मनोज राय | अनुपस्थित |
| ११ | वडाध्यक्ष | श्री कमल बहादुर कार्की | दस्तखत |
| १२ | कार्यपालिका सदस्य | श्री जहानश्वरी राई | दस्तखत |
| १३ | कार्यपालिका सदस्य | श्री कल्पना राई | दस्तखत |
| १४ | कार्यपालिका सदस्य | श्री रमा बराल | दस्तखत |
| १५ | कार्यपालिका सदस्य | श्री सुलोचना बसेल | दस्तखत |
| १६ | कार्यपालिका सदस्य | श्री कल्पना थापा | दस्तखत |
| १७ | कार्यपालिका सदस्य | श्री मदन बसेल | दस्तखत |
| १८ | कार्यपालिका सदस्य | श्री सूर्य राई | दस्तखत |
| १९ | कार्यपालिका सदस्य | श्री सर्मिता राई | दस्तखत |
| २० | सचिव | श्री टीकादत्त राई | दस्तखत |
| २१ | प्रशासकीय अधिकृत | श्री डम्बर रोगु | दस्तखत |

निर्णय नं १

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उप दफा २ ले दिएको अधिकार प्रयोग गरी अपांगता भएका व्यक्तिको परिचय पत्र वितरण सम्वन्धि कार्यविधि, २०७५ पारित गर्ने निर्णय गरियो । साथै कार्यविधिको नियम ६ बमोजिम गठित समितिमा नगरकार्यपालिकाबाट मनोनित हुनु पर्ने महिला सदस्यमा नगरकार्यपालिकाका महिला सदस्य श्री सर्मिता राईलाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं २

सङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं २२ मिति २०७५/८/२४ को साविक स्थानीीय निकायको स्थायी नियुक्ती पाएका स्थायी कर्मचारीहरुलाई समायोजन पत्र दिने सम्वन्धको पत्र प्रमुख प्रशासकीय अधिकृतबाट वैठकमा पेश भई छलफल गरियो ।

**निर्णय नं ३**

यस धनकुटा नगरपालिका मातहतमा सञ्चालित स्वास्थ्य सँस्थाहरुको मासिक वैठकमा उपस्थित हुने स्वास्थ्य सँस्थाका प्रमुख कर्मचारीहरुलाई प्रति वैठक यातायात खर्च रु ५०० (पाँच सय) मात्र भत्ता शिर्षकबाट यस आर्थिक वर्षको पौष महिना देखि दिने निर्णय गरियो ।

**निर्णय नं ४**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १२ उप दफा १ अनुसार सोही ऐनको उप दफा २ बमोजिमको काम कर्तव्य र अधिकार सम्पादन गर्न वडा समितिहरुलाई तोक्ने र यस पूर्व वडा समितिको कार्यालयहरुबाट सम्पादन भएको कामकार्यबाहीहरु अनुमोदन गर्ने । साथै घर बाटो तथा जग्गाको चार किल्ला प्रमाणित गर्ने अधिकार सवै वडाका वडाध्यक्षलाई दिने निर्णय गरियो साथै यसपूर्व वडाध्यक्षबाट यससँग सम्वन्धित भएका सवै कामकार्यवाहीहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

यस नगरकै सम्पत्तिका रुपमा रहेकी धनकुटा वडा नं ६ निवासी विशिष्ट साहित्यीक प्रतिभा भएकी मदन पुरस्कारबाट समेत विभुषित (फरक क्षमता भएकी) डा.झमक कुमारी घिमिरेलाई निजको सम्मान तथा सेवाको लागि मासिक रु १५०००( पन्ध्र हजार ) मात्र सहयोग अन्य सामाजिक सहायता शिर्षकबाट २०७५ पौष महिना देखि लागू हुने गरी आगामी वर्ष पनि निरन्तरता दिने गरी उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ६**

यस नगर कार्यपालिकाका प्रमुखज्युबाट भएका आर्थिक सहायता सम्वन्धि देहायका निर्णयहरु अनुमोदन गर्ने ।

| सि.नं | नाम थर र ठेगाना | रकम | मिति | कैफियत |
|---|---|---|---|---|
| १ | जीत वहादुर राई | रु४००० | २०७५/६/२६ | उपचार |
| २ | कमला रेग्मी धनपा ९ | रु ५००० | २०७५/७/१५ | उपचार |
| ३ | वेणु वस्नेत धनपा ६ | रु ३००० | २०७५/७/१८ | उपचार |
| ४ | ईश्वर वहादुर श्रेष्ठ धनपा ७ | रु १५००० | २०७५/७/१९ | उपचार |
| ५ | ज्ञान वहादुर राई भोजपुर १ | रु१५००० | २०७५/७/१९ | उपचार |
| ६ | केशर माया राई धनपा ९ | रु २५००० | २०७५/७/२९ | उपचार |
| ७ | तुलसा वि.क धनपा ४ | रु २०००० | २०७५/८/६ | उपचार |
| ८ | जयन्ति राई शहिदभूमि | रु २५००० | २०७५/८/६ | उपचार |
| ९ | नेत्र वहादुर राई | रु १५००० | २०७५/८/२४ | उपचार |
| १० | रस वहादुर राई | रु ५००० | २०७५/८/६ | उपचार |

**निर्णय नं ७**

भारतीय राजदुतावास मार्फत सहयोग हुने विकास निर्माण आयोजनाका लागि यस नगरपालिकाको वडा नं १ को षडेश्वर मन्दिर देखि वडा नं २ भिरगाउँ सडक निर्माणको लीग रु ५,००,००,०००।- (पाँच करोड) को प्रस्ताव नगर कार्यपालिकाको कार्यालयबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश भएकोमा सो प्रस्ताव अनुमोदन गर्ने ।

**निर्णय नं ८**

चालु आर्थिक वर्ष २०७५/०७६ मा गरिव परिवार आवास कार्यक्रमका लागि विनियोजन भएको वजेटबाट खरिद गरिने जस्तापाता लगत सकंलन गरी १०० (एक सय) परिवारलाई वितरण गर्ने र संकलित लगत मध्ये ६० प्रतिशत वडा नं ८ मा बितरण गर्ने वाँकी ४० प्रतिशत आवश्यकता र औचित्यताको आधारमा वाँकी वडाहरुमा वितरण गर्ने । साथै आवास सहुलियत साझेदारी कार्यक्रम कार्यान्वयनका लागि सिफारिस समितिको कार्यविधि २०७४ संशोधन गरियो

**निर्णय नं. ९**

धनकुटा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत शाखा प्रमुख कर्मचारीहरुलाई शाखाको कामलाई प्रभावकारी रुपमा सम्पादन गर्नको लागि सम्बद्ध सरोकारवालाहरुसंग आवश्यक समन्वय र सहजीकरण गर्न संचार खर्च बापत चालु आर्थिक बर्षको शुरु देखिनै मासिक रुपमा रु. २०००।- (दुई हजार) रकम उपलब्ध गराउने निर्णय गरी आजको वैठक यही समापन गरियो ।